# बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८०

आन्तरिक मामिला तथा का
, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८०

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**

२०८०।०८।२१

**<u>प्रस्तावनाः</u>** बागमती प्रदेश सरकारका मन्त्रालय एवं मातहत सञ्चालित विभिन्न बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउन आवश्यक भएकोले विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो मापदण्डको नाम “बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८०” रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

**२.** **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोजना" भन्नाले बागमती प्रदेश सरकार अन्तर्गतका निकाय वा कार्यालयबाट सञ्चालित आयोजना वा त्यसभित्र समावेश खण्ड वा उपखण्डलाईसमेत सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने सह-लगानीका आयोजनासमेतलाई जनाउँछ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "बहुवर्षीय ठेक्का" भन्नाले दुई वर्षभन्दा बढी पाँच वर्ष सम्मको अवधिको ठेक्का सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) "सम्बन्धित मन्त्रालय" भन्नाले बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

३. **<u>बहुवर्षीय ठेक्का सहमति सीमाः</u>** (१) देहायका क्षेत्रमा कार्यान्वयन हुने सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा कूल लागत अनुमान दश करोड रुपैयाँ र अन्यको हकमा कूल लागत अनुमान बीस करोड रुपैयाँभन्दा बढीको आयोजनालाई बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न स्रोतको सहमति दिन सकिनेछः-

(क) सडक, रेल, जल यातायात, रज्जुमार्ग, सुरुङ मार्ग तथा अन्य यातायात पूर्वाधार,

(ख) ऊर्जा, सिँचाई, तथा जलस्रोत,

(ग) सूचना प्रविधि तथा सञ्चार,

(घ) आवास, भवन तथा सहरी विकास,

(ङ) कृषि, औद्योगिक तथा व्यापारजन्य पूर्वाधार,

(च) खानेपानी र सरसफाई,

(छ) भू तथा जलाधार व्यवस्थापन र नदी नियन्त्रण

(ज) खेलकुद पूर्वाधार,

(झ) शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि पूर्वाधार,

(ञ) साँस्कृतिक, धार्मिक, पुरातात्त्विक तथा पर्यटन पूर्वाधार संरक्षण र

(ट) विपद् व्यवस्थापन, प्रतिकार्य तथा पुनर्स्थापना।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मोटरेवल पुल र झोलुङ्गेपुलका हकमा रकमको सीमा लागू हुने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

४. **बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधारः** (१) कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालयले देहायका मापदण्ड तथा आधारहरू अवलम्बन गर्नु पर्नेछः-

(क) बहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि चार वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा बीस प्रतिशत र पाँच वर्षसम्म भएमा लागत अनुमानको कम्तीमा पन्ध्र प्रतिशत बजेट चालू आर्थिक वर्षमा विनियोजन भएको,

तर आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट सञ्चालन हुने प्रादेशिक गौरवको आयोजनाको हकमा बहुवर्षीय ठेक्काको सहमति वा स्वीकृति दिँदा यो सीमा लागू हुने छैन।

(ख) विषयगत मन्त्रालय वा कार्यान्वयन गर्ने निकायबाट विस्तृत आयोजना प्रतिवेदन, विस्तृत सर्भे इन्जिनियरिङ प्रतिवेदन, विस्तृत इन्जिनियरिङ डिजाइन (डिटेल्ड प्रोजेक्ट रिपोर्ट- डिपिआर, डिटेल्ड सर्वे इन्जिनियरिङ रिपोर्ट, डिटेल इन्जिनियरिङ डिजाइन) स्वीकृत भएको,

(ग) डिजाइन र निर्माण ठेक्का सम्झौता (डिजाईन एण्ड बिल्ट मोड अफ कन्ट्रयाक्ट), ई.पि.सि. (इन्जिनियरिङ प्रोक्युरमेन्ट कन्ट्रयाक्ट) बाहेक अन्य ठेक्काको हकमा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईन्भारोमेन्ट ईम्प्याक्ट एसेसमेन्ट), प्रारम्भिक वातावरणीय परीक्षण (ईनिसियल

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ईन्भारोमेन्ट एक्जामिनेशन) र संक्षिप्त वातावरणीय अध्ययन सम्पन्न भएको,

तर विशेष प्रकारको आयोजनाको हकमा एस.ई.ए. (स्ट्र्याटेजिक इन्भारमेन्टल ऐसेसमेन्ट) सम्पन्न भएको,

(घ) आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नु पर्ने जग्गा अधिग्रहण वा प्राप्तिको कानूनी प्रक्रिया टुङ्गिएको तथा कानूनबमोजिम दिनुपर्ने क्षतिपूर्तिको काम सम्पन्न भइसकेको,

(ङ) मध्यमकालीन खर्च संरचनामा उल्लेख भएअनुरूप स्रोत सुनिश्चितता भएको,

(च) खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार भएको,

(छ) प्रदेश सरकार र स्थानीय तह लागत साझेदारीमा वा सह-लगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात सुनिश्चित भएको तथा स्रोत सहमति प्राप्त भएको,

(ज) वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भई स्रोत सुनिश्चितता भएको,

(झ) प्रदेश नीति तथा योजना आयोगको “वार्षिक आयोजना छनोट कार्यविधि, २०७८” बमोजिम आयोजनाको प्राथमिकीकरणमा P1 मा परेको,

(ञ) विषयगत मन्त्रालयबाट अनुसूची -१ बमोजिमको आयोजनाको विवरण एवम् अनुसुची -२ बमोजिमको बहुवर्षीय ठेक्का पूर्व स्वीकृति सम्बन्धमा आवश्यक

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आधार पुरा गरेको चेकलिष्टसमेत भरेर प्रदेश नीति तथा योजना आयोगमा पेश भएको र प्रदेश नीति तथा योजना आयोगको बैठकबाट सिफारिस प्राप्त भइ आएको।

(२) आयोजनाको अवधि दुई वर्ष वा सो भन्दा कम, लागत अनुमान बीस करोडभन्दा कम र सरकारी भवन निर्माण तथा सेवा खरिदको हकमा लागत अनुमान दश करोडभन्दा कम भएका आयोजनाको हकमा विनियोजित रकमभन्दा बढी अङ्कको ठेक्का प्रक्रिया अगाडि बढाउन स्रोतको सहमति माग गर्दा बहुवर्षीय ठेक्का आयोजना स्वीकृति प्रक्रिया पुरा गर्नुपर्ने छैन्। तर, चालू आर्थिक वर्षमा उक्त आयोजनाको लागि कूल लागतको कम्तीमा एक तिहाइ बजेट विनियोजन भएको हुनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मोटरेवल पुल र झोलुङ्गेपुलका हकमा रकमको सीमा लागू हुने छैन।

५. **<u>बहुवर्षीय ठेक्काको स्रोत सहमतिसम्बन्धी व्यवस्थाः</u>** (१) दफा ४ बमोजिमको आधारहरू पुरा भएका आयोजनाहरूमध्ये बहुवर्षीय आयोजनाको रूपमा सञ्चालन गरिने आयोजना सम्बन्धित मन्त्रालयले स्रोतको सहमतिको लागि आर्थिक वर्षको असोज मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

तर आर्थिक वर्ष २०८०।०८१ को हकमा यस्तो सहमति माघ मसान्तभित्र लिन बाधा पर्नेछैन्।

(२) उपदफा (१) बमोजिम आयोजनाको स्रोतको सहमतिको लागि प्रस्ताव भई आएका आयोजनाहरूको हकमा आवश्यकता, औचित्य र सम्भाव्य स्रोत उपलव्धतासमेतका आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत सहमति प्रदान गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (२) बमोजिम स्रोतको सहमति प्राप्त भएपश्चात् सम्बन्धित मन्त्रालयले बहुवर्षीय आयोजनाको ठेक्का स्वीकृत गर्न सक्नेछ।

(४) बहुवर्षीय ठेक्काको स्रोत सहमति प्राप्त भएको आयोजनाको आर्थिक वर्षको नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा त्यस्तो सहमति स्वतः रद्द हुनेछ।

(५) बहुवर्षीय ठेक्काको स्रोत सहमतिबाट कुनै आर्थिक वर्षका लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायलाई प्राप्त बजेट सीमाभित्रबाट अनिवार्य विनियोजन गर्नु पर्नेछ।

६. <u>**कार्यान्वयन गर्ने निकाय र जिम्मेवारीः**</u> (१) बहुवर्षीय आयोजना स्वीकृत भएपछि मात्र सम्बन्धित मन्त्रालय वा निकायले बहुवर्षीय ठेक्का कार्यान्वयन गर्नेछ।

(२) बहुवर्षीय आयोजनाहरूको सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा मातहत निकायको हुनेछ।

(३) बहुवर्षीय ठेक्का सहमति दिइएका आयोजनाको लागि पछिल्ला वर्षहरूमा सिर्जना हुने दायित्व बजेट तर्जुमाका क्रममा प्राप्त बजेट सीमाभित्र रही विनियोजन प्रस्ताव गर्नु पर्नेछ।

(४) मन्त्रालयले प्रत्येक वर्षको चैत्र मसान्तभित्र अनुसूची-३ को ढाँचामा बहुवर्षीय ठेक्काको अद्यावधिक विवरण र अनुसूची-४ को ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) मन्त्रालय वा निकायले प्रत्येक वर्षमा बहुवर्षीय ठेक्का सहमति वा स्वीकृतिको विवरण प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

७. **आवश्यक व्यवस्था गर्नसक्नेः** यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक व्याख्या गर्न सक्नेछ।

८. **अनुसूची हेरफेर गर्नसक्नेः** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ।

९. **खारेजी र बचाउः** (१) प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्डबमोजिम भए गरेका कामकारवाही यसै मापदण्डबमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ४ को उपदफा (१) को खण्ड (ञ) सँग सम्बन्धित)

## बहुवर्षीय ठेक्का बन्दोबस्तका लागि प्रस्तावित आयोजनाको विवरण ढाँचा

बागमती प्रदेश सरकार

.............मन्त्रालय

## आयोजना प्रस्ताव फाराम

**खण्ड (क) : आयोजनको आधारभूत विवरण**

१. आयोजनको नामः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधान ☐ अनुसन्धान प्रधान ☐ उत्पादन प्रधान ☐

निर्माण प्रधान ☐ सुशासन ☐

६. आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्याः

७. आयोजना कार्यान्वयन हुनेक्षेत्र र छनोट गर्दा अपनाइएका आधारहरूः

(क) कार्यान्वयनक्षेत्रः जिल्ला प्रादेशिक निर्वाचनक्षेत्र न.पा./गा.पा.

(ख) छनोटका आधारहरूः

८. आयोजनाको कूल लागतः

९. आयोजनाको अवधि (प्रस्तावित जम्मा वर्ष):

(क) सुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

१०. आयोजना कार्यान्वयन गर्ने निकायः

**खण्ड (ख): आयोजनको वित्तीय/आर्थिक विवरणः**

११. आयोजनाको कूल लागत र स्रोतको विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | आन्तरिक स्रोत | | वैदेशिक स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | बागमती प्रदेश सरकार | स्थानीय सरकार | अनुदान | ऋण | प्राविधिक सहायता |
| प्रदेश सरकार | | | | | | |
| दातृ निकाय | | | | | | |
| आन्तरिक/बाह्य | | | | | | |
| प्राविधिक सहायता | | | | | | |
| स्रोतगत जम्मा | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कूल लागत | | | | | | |

१२. आयोजनको कूल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट | कार्य परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

१३. परामर्शदाता सम्बन्धी विवरणः

(क) आयोजनामा रहने कूल परामर्शदाताको सङ्ख्याः

स्वदेशीः

विदेशीः

(ख) आयोजनामा रहने कूल परामर्शदाताको वार्षिक बाँडफाँट रकम (रु. हजारमा):

| आर्थिक वर्ष | अनुमानित खर्च | |
|---|---|---|
| | स्वदेशी | विदेशी |
| | | |
| | | |
| जम्मा | | |

१४. आयोजनको ठेक्का सङ्ख्या र रकमः

| आयोजना अवधिको | |
|---|---|
| सङ्ख्या | रकम |
| | |

१५. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन ? नभएको भए हुनु नपर्ने कारणः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१६. आयोजनको आर्थिक तथा वित्तीय विश्लेषणः

(क) लागत फिर्ता अवधि (**Pay-back Period**)

(ख) लाभ-लागत अनुपात (**Benefit cost Ratio**)

(ग) वित्तीय प्रतिफल दर (**Financial Internal Rate of Return –FIRR**)

(घ) आर्थिक प्रतिफल दर (**Economic Internal Rate of Return – EIRR**)

(ङ) खुद वर्तमान मूल्य (**Net Present Value – NPV**)

(च) लागत प्रभावकारिता अध्ययन (**Cost Effectiveness Analysis**)

(छ) सम्भाव्यता अध्ययन गर्ने निकायः

१७. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने):

**खण्ड (ग): प्रशासनिक तथा व्यवस्थापकीय विवरणः**

१८. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्था

(क) आवश्यक जग्गाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) जग्गा प्राप्त भएको/नभएको:

(ग) जग्गाको प्रकार:

(घ) प्राप्त भएको जग्गाको स्थान, क्षेत्रफल र कित्ता नं.:

(ङ) जग्गा प्राप्तिको माध्यम:

१९. आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था:

(क) अनुगमन तथा मूल्याङ्कनका लागि छुट्याइएको रकम:

(ख) प्रदेश सरकारबाट गरिने अनुगमन तथा मूल्याङ्कनको विवरण:

(ग) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरण:

२०. मध्यमकालीन खर्च संरचना (**Medium Term Expenditure Framework –MTEF**) अनुरूप आयोजनाको प्राथमिकताक्रम : पहिलो प्राथमिकता ☐ दोस्रो प्राथमिकता ☐

२१. आयोजनको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (**Phase-out Plan**) सम्बन्धी व्यवस्था:

..................

प्रमाणित गर्ने

प्रदेश सचिव

....... मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ४ को उपदफा (१) को खण्ड (ञ) सँग सम्बन्धित)

**आयोजनाको लागि बहुवर्षीय ठेक्का पूर्व स्वीकृत सम्बन्धमा आवश्यक आधार पूरा गरेको चेकलिष्ट**

| क्र.सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | कूल लागत अनुमान बीस करोड रुपैयाँभन्दा बढी वा सरकारी भवन निर्माण र सेवा खरिद आयोजनाको हकमा दश करोड रुपैयाँभन्दा बढी भएको। | | | |
| २. | प्रदेश नीति योजना आयोग, बागमती प्रदेशको वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ बमोजिम आयोजनाको प्रथमिकिरणमा P1 मा परेको। | | | |
| ३. | प्रादेशिक गौरवका आयोजनाको हकमा बाहेक वहुवर्षीय ठेक्काका लागि प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि चार वर्षसम्म भएमा लागत अनुमानको २०% र पाँच वर्षसम्म भएमा लागत अनुमानको १५% बजेट चालु आर्थिक वर्षमा विनियोजन भएको। | | | |
| ४. | बहुवर्षीय ठेक्कामा जाने आयोजनाको ठेक्काको समय सीमा दुई वर्षभन्दा बढी भएको। | | | |
| ५. | विषयगत मन्त्रालय वा कार्यान्वयन निकायबाट विस्तृत आयोजना प्रतिवेदन, विस्तृत सर्भे इन्जिनियरिङ प्रतिवेदन, विस्तृत इन्जिनियरिङ डिजाइन (डिटेल्ड प्रोजेक्ट रिपोर्ट- डिपिआर, डिटेल्ड सर्वे ईञ्जिनियरिङ्ग रिपोर्ट, डिटेल इन्जिनियरिङ डिजाइन) स्वीकृत भएको। | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ६. | आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (ईन्भारोमेन्ट ईम्प्याक्ट एसेसमेन्ट), प्रारम्भिक वातावरणीय परीक्षण (ईनिसियल ईन्भारोमेन्ट एक्जामिनेशन) र संक्षिप्त वातावरणीय अध्ययन सम्पन्न भएको। | | | |
| ७. | आयोजनाको लागि अधिग्रहण गर्नुपर्ने वा प्राप्ति गर्नुपर्ने जग्गा अधिग्रहण वा प्राप्तिको कानूनी प्रक्रिया टुङ्गिएको। | | | |
| ८. | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएअनुरुप स्रोत सुनिश्चितता भएको। | | | |
| ९. | वैदेशिक सहायता संलग्न भएको आयोजनाका हकमा दातृ निकायसँग सम्झौता भइ स्रोत सुनिश्चितता भएको। | | | |
| १०. | खरिद गुरुयोजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना र वार्षिक खरिद योजना तयार भएको। | | | |
| ११. | प्रदेश सरकार र स्थानीय तह लागत साझेदारीमा वा सह-लगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ-लागत अनुपात सुनिश्चित भएको तथा स्रोत सहमति प्राप्त भएको। | | | |
| १२. | बहुवर्षीय ठेक्काका स्वीकृतिको लागि चालु आर्थिक वर्षको असोज मसान्तभित्र पेश गरेको। | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

<u>तयार गर्ने:</u>
नाम, थरः
पदः

<u>पेश गर्ने:</u>
नाम, थरः
पदः

<u>स्वीकृत गर्ने:</u>
नाम, थरः
पदः

# अनुसूची- ३

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

## बहुवर्षीय ठेक्कामा सञ्चालित आयोजनाको विवरण

| क्र.सं. | आयोजनाको नाम | | | ठेक्का सम्झौता भएको मिति | ठेक्का सम्झौता सम्पन्न हुने मिति | कूल लागत रकम | बहुवर्षीय ठेक्काका लागि आयोगबाट स्वीकृति दिएको मिति | आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत सुनिश्चितताका लागि सहमति दिएको मिति | आर्थिक वर्ष अनुसार खर्च र सिर्जित दायित्व (प्रत्येक आ.व.को) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब.उ.शि.नं. | खण्ड (Section/ Component) | उपखण्ड (Sub-project) | | | | | | आ.व. | विनियोजित बजेट | खर्च रकम | बाँकी दायित्व | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

..................

प्रमाणित गर्ने

प्रदेश सचिव

.......मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ४

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**मध्यमकालीन खर्च संरचना सम्बन्धी विवरण**

| क्र. सं. | आयोजनाको नाम | चालु आ.व. सम्मको वास्तविक उपलब्धि | आगामी आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आगामी आ.व. (पहिलो वर्ष) | दोस्रो वर्ष | तेस्रो वर्ष | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

..................

प्रमाणित गर्ने

प्रदेश सचिव

....... मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश